जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
वर्ष १३ • अंक १५४ • २०८२ चैत्र १२ गते विहिवार • 26 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको तयारी तीव्र

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ चैत्र**



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को वाचापत्रलाई समेटेर आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको तयारी अर्थ मन्त्रालयले तीव्र पारेको छ। बजेट सार्वजनिक हुन करिब दुई महिना बाँकी छँदा मन्त्रालयले प्रक्रिया अघि बढाएको हो ।

यस पटकको बजेट नयाँ बन्ने बालेन नेतृत्वको सरकारको आर्थिक नीति र सत्ता समीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को चुनावी वाचापत्रमा केन्द्रित हुने अर्थ मन्त्रालयका अधिकारीहरूले बताएका छन् । अहिले मन्त्रालय नयाँ सरकार र नयाँ अर्थमन्त्रीको पर्खाइमा रहेको छ । अर्थ मन्त्रालयका सहसचिव टङ्कप्रसाद पाण्डेयका अनुसार, “नयाँ सरकार आएपछि अर्थमन्त्रीको नेतृत्वमा रास्वपाको वाचापत्र, संवैधानिक दायित्व र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई समेटेर बजेट निर्माण गरिने छ ।” रास्वपाको वाचापत्र अनुसार नेपालको परम्परागत अर्थतन्त्रलाई रूपान्तरण गर्दै प्रविधि, उत्पादन र रोजगारीमा आधारित द्रुत आर्थिक विकासको महत्त्वाकाङ्क्षी योजना अघि बढाइने छ । वाचापत्रमा आर्थिक वृद्धि, वैदेशिक लगानी, ऊर्जा, सूचना प्रविधि र कर प्रणालीमा ठूला सुधारका एजेन्डा समावेश छन् ।

वाचापत्र अनुसार आगामी पाँच वर्षभित्र वार्षिक औसत ७ प्रतिशतको स्थिर आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएको छ। यसका आधारमा ५-७ वर्षभित्र प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर नाघ्ने र नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) एक सय अर्ब डलर नजिक पुर्‍याउने लक्ष्य छ। सूचना प्रविधि क्षेत्रलाई रेमिट्यान्सपछिको दोस्रो ठूलो खम्बा मान्दै हालको १.५ अर्ब डलरको सफ्टवेयर तथा आइटी सेवा निर्यातलाई आगामी १० वर्षमा ३० अर्ब डलर पुर्‍याउने योजना रहेको छ । यसका लागि ‘स्वायत्त आइटी प्रवर्धन बोर्ड’ गठन, ग्लोबल टेक हब र प्रदेशहरूमा डिजिटल पार्क निर्माण गरी पाँच लाख प्रत्यक्ष रोजगारी सिर्जना गर्ने योजना छ ।

ऊर्जा क्षेत्रमा जलविद्युत् क्षमतालाई ३० हजार मेगावाट पुर्‍याउने लक्ष्य राखिएको छ। विद्युतीय महशुल पुनर्संरचना, भारत र बङ्गलादेशसँग दीर्घकालीन ऊर्जा व्यापार सम्झौता र प्रतिव्यक्ति वार्षिक बिजुली खपत १५ सय किलोवाट आवर पुर्‍याउने रणनीति वाचापत्रमा समावेश गरिएको छ । वाचापत्र अनुसार व्यवसायिक वातावरण सुधार, उत्पादन लागत घटाउने, झन्झटिला करिब २ दर्जन ऐनहरू सुधार/खारेज गर्ने, आयकर सुधार, शिक्षा-स्वास्थ्य-पालनपोषण खर्चलाई करयोग्य आयबाट घटाउन कानुनी व्यवस्था गर्ने योजना छ। अर्थ मन्त्रालयले बजेट निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन आवश्यक तयारी अगाडि बढाइसकेको छ । मन्त्रालयले आगामी बजेटका लागि सबै मन्त्रालयहरूलाई बजेट सीमा (सिलिङ) तोकेको छ र चैत मसान्तभित्र प्रस्ताव पेस गर्न निर्देशन दिएको छ। प्रस्ताव प्राप्त भएपछि आर्थिक नीतिसँग मेल खाने कार्यक्रम छन् कि छैनन् भनेर त्रिपक्षीय छलफल (राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालय) गरी गहन समीक्षा गरिने छ ।

## सम्पूर्ण मधेश क्षेत्रमा बुधबार बिहान उदाउँदो सूर्यलाई अर्घ अर्पण गर्दै चैती छठ पर्व सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ चैत्र**

महोत्तरी लगायत सम्पूर्ण मधेश क्षेत्रमा बुधबार बिहान उदाउँदो सूर्यलाई अर्घ अर्पण गर्दै चैती छठ पर्व सम्पन्न भएको छ ।

चार दिनसम्म विभिन्न धार्मिक विधि-विधानका साथ मनाइने यस पर्वको चौथो दिन आज बिहान श्रद्धालु भक्तजनहरूले जलाशयमा पुगेर उदाउँदो सूर्यको पूजा गरेका हुन् । महोत्तरीका औरही, गौशाला, सम्सी, बर्दिबास, मटिहानी, सुगा, पिपरा लगायतका स्थान सहित सदरमुकाम जलेश्वर तथा जिल्लाभरका सहरी एवं ग्रामीण क्षेत्रमा रहेका पोखरी, तलाउ तथा जिल्लाका प्रमुख नदीहरू-बिग्ही, रातो मरहा, जङ्घा र अङ्कुसी नदी तथा नहरका किनारमा धार्मिक विधिपूर्वक छठ मनाइएको छ ।

सत्य र अहिंसाप्रति मानवको आस्था अभिवृद्धि गराउने तथा सबै जीवप्रति सहानुभूति राख्न प्रेरित गर्ने यस पर्वको विशेष महत्त्व रहेको छ ।

सूर्य उपासनामा आधारित छठ पर्व संसारकै एक विशिष्ट पर्वका रूपमा परिचित छ, जसमा अस्ताउँदो र उदाउँदो दुवै सूर्यको पूजा गर्ने परम्परा रहेको छ ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक स्वास्थ्य, रोगबाट मुक्ति तथा मनोकाङ्क्षा पूरा होस् भन्ने कामनासहित श्रद्धापूर्वक मनाइने यस पर्वका अवसरमा पोखरी, नदी तथा विभिन्न जलाशयमा भक्तजनको उल्लेख्य भीड लागेको थियो ।







## यौन हिंसाबाट बचौं र बचाऔं :

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार र जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसंग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# कानुनी प्रणालीलाई मान्यता दिऔं

२००४ देखि २००७ सालसम्म एकतन्त्रीय राणाशासनका विरुद्धमा जनआन्दोलन भयो । राणाशासनको अन्त्य भयो । २०४६ सालको जनआन्दोलनले एकदलिय पञ्चायती व्यवस्थाको अन्त्य गऱ्यो । २०६२/६३ मा संवैधानिक राजतन्त्र विरुद्ध भएको जनआन्दोलन-२ ले राजतन्त्रको अन्त्य गऱ्यो । ती आन्दोलनमा पनि धनजनको क्षति भएकै थिए । तर, जे जति मानवीय र भौतिक क्षति भए पनि आन्दोलनकारी र शासकहरूबीच सम्झौता गर्दै आन्दोलन टुंगिएका थिए । मुलुकको कानुनी प्रणाली अन्तर्राष्ट्रिय कानुन, विश्व मानव अधिकारका मूल्य र मान्यताबाट निर्देशित रहेको देखिन्छ । संविधानले व्यक्तिका मौलिक हक र कर्तव्यहरू संविधानको धारा १६ देखि धारा ४८ सम्म व्यवस्थित गरेको देखिन्छ । कानुन बमोजिमको काम कसुर नहुने, कानुन बमोजिम बाहेक सजाय नहुने, तथ्यको भ्रममा परी गरेको काम कसुर नुहने, एउटै कसुरमा दोहोरो सजाय नहुने, स्वच्छ सुनुवाइबाट वञ्चित नहुने, आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने, हानि नोक्सानीबाट बचाउन असल नियतले गरेको काम कसुर नहुने र निजी रक्षाका लागि गरेको काम कसुर नमानिने व्यवस्थालाई मार्ग निर्देशन सिद्धान्तको रूपमा नेपाली कानुनी प्रणालीले अंगीकार गरेको देखिन्छ । त्यसैकारण देश र जनताको सुरक्षाका लागि भएका बल प्रयोगमा फौजदारी कसुर आकर्षित हुन सक्दैन ।

# बाल प्रायोजन सम्बन्धी सचेतना तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ चैत्र**

एकडारा र सम्सी गाउँपालिकामा बाल प्रायोजन (Sponsorship Approach) सम्बन्धी सचेतना तथा अभिमुखीकरण कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको छ ।

दलित समाज उत्थान समिती नेपाल तथा ẅorld Vision International को साझेदारीमा सञ्चालित “बाल समृद्धिको लागि हातेमालो कार्यक्रम” अन्तर्गत यी कार्यक्रमहरू सञ्चालन गरिएको हो । कार्यक्रम अन्तर्गत RC तथा उनीहरूका हेरचाहकर्ताहरूलाई लक्षित गरी बाल प्रायोजन सम्बन्धी सचेतना अभिवृद्धि गरिएको थियो। साथै, सरकारी निकाय र



सामुदायिक सरोकारवालाहरूलाई बाल प्रायोजन कार्यविधि (Sponsorship Approach) र बाल प्रायोजन मापदण्ड (Child Sponsorship Standards) सम्बन्धी अभिमुखीकरण प्रदान गरिएको थियो । एकडारा गाउँपालिकाका ७ वडामा १२ वटा तथा सम्सी गाउँपालिकाका ६ वडामा १२ वटा गरी जम्मा २४ वटा कार्यक्रम सञ्चालन गरिएको थियो । ती कार्यक्रमहरूमा कुल ४३२ जना RC तथा हेरचाहकर्ताहरूको सहभागिता रहेको थियो । कार्यक्रमहरू २०८२ फाल्गुन २५ गतेदेखि चैत्र ११ गतेसम्म सञ्चालन भएका थिए। कार्यक्रम सम्बन्धी जानकारी कार्यक्रम संयोजक उत्तिम चौधरीले दिएका हुन् । कार्यक्रमहरूको सहजीकरण DSWCN–Sponsorship Mobilizer हरू सुमन कुमारी चौधरी, सुजित यादव, सरोज यादव, शशि यादव, नितेश कुमार पाण्डेय, निकिता ठाकुर, गणेश महतो, सन्तोष कुमार महतो तथा गौतम कुमार शर्माद्वारा गरिएको थियो । आयोजकका अनुसार सहजीकर्ताहरूको सक्रियता, प्रभावकारी समन्वय तथा स्थानीय सरोकारवालाहरूको सहयोगका कारण कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भएका हुन् ।

# ठूलो परिमाणमा चोर बाटो प्रयोग गरी ओसारपसार



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, ११ चैत्र**

सर्लाही जिल्लाका विभिन्न नेपाल-भारत सीमावर्ती नाकाहरू हुँदै अवैध तस्करीका गतिविधि बढ्दो क्रममा देखिएको छ । पछिल्लो समय विदेशी तथा भारतीय सामानहरू ठूलो परिमाणमा चोर बाटो प्रयोग गरी ओसार पसार भइरहेको छ ।

जिल्लाको संग्रामपुर, नारायणपुर, पर्सा, त्रिभुवननगर, मलंगवा, भाँडसर, सिमरा, मधुवनी, अर्नाहा लगायतका नाकाहरूबाट दैनिक रूपमा लाखौं रुपैयाँ बराबरका सामान नेपाल-भारतबीच तस्करी हुने गरेको जनाइएको छ । सीमाक्षेत्रका बासिन्दाका अनुसार राति तथा बिहानको समयमा बढी मात्रामा तस्करी हुने गरेको छ ।

यसैबिच भारतीय सीमा सुरक्षा बल (एसएसबी) को ५१औं बटालियनले हनुमाननगर नाकामा ठूलो परिमाणमा तस्करी सामान नियन्त्रणमा लिएको छ । एसएसबीको टोलीले नेपालबाट भारततर्फ लैजाँदै गरिएको अवस्थामा ३ हजार ५१५ केजी चाइनिज स्याउसहित दुई वटा महिन्द्रा पिकअप गाडी नियन्त्रणमा लिएको जनाएको छ ।

डैंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरु



डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाईबाट बच्नुपर्दछ ।
यसका लागि लामखुट्टेको नियन्त्रण नै उत्तम उपाय हो ।
लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरु अपनाऔं

डेंगी रोग बाट कसरी बच्ने ?

- ☑ पुरा बाहुला भएको लुगा लगाउने
- ☑ झुल भित्र मात्र सुत्ने
- ☑ घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- ☑ घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- ☑ खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- ☑ घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- ☑ पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- ☑ साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

अनुरोधकर्ता
सम्सी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: मित्रतामा फाटो आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: खानपानमा समस्या आउने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: आम्दानी हुने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव


**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारतका छिमेकीहरूले इन्धन अभाव कम गर्न मद्दतको लागि नयाँ दिल्लीतिर नजर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ चैत्र



भारत आफ्ना छिमेकी देशहरूलाई परिष्कृत पेट्रोलियम पदार्थहरूको प्रमुख आपूर्तिकर्ता हो। विहीबार एक पत्रकार सम्मेलनमा बोल्दै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भने कि नयाँ दिल्लीले श्रीलंका, बंगलादेश र माल्दिभ्स लगायत धेरै देशहरूबाट थप इन्धन आपूर्तिको लागि अनुरोधहरूको समीक्षा गरिरहेको छ उनले भने, “हाम्रो आफ्नै ऊर्जा आवश्यकता र उपलब्धतालाई ध्यानमा राखेर यी जाँच गरिदैछ।“

ब्लूमबर्गले रिपोर्ट गरेको छ कि केही हप्तादेखि मात्र सत्तामा रहेको बंगलादेश सरकारले संकट जारी रहेमा गम्भीर इन्धन अभावको सम्भावनाको सामना गरिरहेको छ र भारतलाई हालको सम्झौता अन्तर्गत वार्षिक रूपमा प्राप्त हुने १८०,००० टनभन्दा बढी डिजेल आपूर्ति गर्न आग्रह गरेको छ । नेपालले भारतको सबैभन्दा ठूलो रिफाइनर - राज्यद्वारा सञ्चालित इन्डियन आयल कर्पोरेशन - लाई तरल पेट्रोलियम ग्यासको मासिक आपूर्ति बढाउन आग्रह गरेको छ।

सरकारी स्वामित्वमा रहेको नेपाल आयल निगमका उपनिर्देशक मनोज कुमार ठाकुरले भने कि हिमाली राष्ट्रले थप ३,००० टन एलपीजी अनुरोध गरेको थियो, तर सम्झौता अनुसार मात्र आपूर्ति गरिने भनिएको थियो । उनले थपे कि नेपालले हाल आफ्नो वर्तमान सम्झौता अन्तर्गत भारतीय आयल निगमबाट प्रति महिना लगभग ४८,००० टन एलपीजी प्राप्त गर्दछ। दक्षिण एसियाली देशहरू ऊर्जा आयातमा अवरोधहरूको सबैभन्दा बढी जोखिममा छन्।

# पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य लिटरमा १५ रुपैयाँ बढ्यो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ चैत्र



नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरेको छ।

निगमले बुधबार साँझ पेट्रोल, डिजेल र मट्टितेलमा १५/१५ रुपैयाँ वृद्धि गरेको एक सूचना मार्फत जानकारी दिएको छ।

मूल्यवृद्धिपछि पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर १ सय ६९ रुपैयाँ ५० पैसाबाट बढेर १ सय ८४ रुपैयाँ पुग्दा दोस्रो वर्गका लागि १ सय ८६ रुपैयाँ र तेस्रो वर्गका लागि १ सय ८७ रुपैयाँ पुगेको छ।यस्तै डिजेल/मट्टीतेलको मूल्य पहिलो वर्गका लागि १ सय ४९ रुपैयाँ ५० पैसाबाट बढेर १ सय ६४ रुपैयाँ ५० पैसा पुग्दा दोस्रो वर्गका लागि १ सय ६६ रुपैयाँ र तेस्रो वर्गका लागि १ सय ६७ रुपैयाँ प्रतिलिटर पुगेको छ। आयल निगमले पहिलो वर्गमा चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज निर्धारण गरेको छ भने दोस्रो वर्गमा सुर्खेत र दाङ तथा तेस्रो वर्गमा काठमाडौं, पोखरा र दिपायल निर्धारण गरेको छ ।

# तीन दिनपछि ओरालो लाग्यो नेप्से परिसूचक

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ चैत्र



गत तीन दिन बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आज चौथो कारोबार दिन भने दोहोरो अङ्कले घटेको छ । आज नेप्से परिसूचक २४ दशमलव ४५ अङ्कले घटेर दुई हजार ९३५ दशमलव ९४ को विन्दुमा कायम भएको हो ।

आज ३४५ कम्पनीको तीन करोड ५८ लाख १९ हजार ८२९ कित्ता शेयर एक लाख ३८ हजार २५६ पटक खरिदबिक्री हुँदा रु १५ अर्ब नौ करोड चार लाख १६ हजार ८४६ बराबरको कारोबार भएको छ । आजको कारोबारमा उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ४८ र व्यापार समूह तीन दशमलव ४५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव ४०, विकास बैंक दुई दशमलव ३२, वित्त दुई दशमलव ०९, होटल तथा पर्यटन शून्य दशमलव ०५, जलविद्युत् शून्य दशमलव १६,लगानी शून्य दशमलव ५३ र जीवन बिमा समूह एक दशमलव ३९ प्रतिशतले घटेको छ। त्यस्तै, लघुवित्त एक दशमलव ६४, म्युचुअल फन्ड शून्य दशमलव ३४, निर्जीवन बीमा एक दशमलव १५ र अन्य समूह एक दशमलव ७० प्रतिशतले घटेको छ । रिलायन्स स्पिनिङ मिल्स लिमिटेड र सुपर खुदी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने अभियान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ७४ प्रतिशतले घटेको छ।

# आईसीसी वुमेन्स च्यालेन्ज ट्रफीका लागि नेपालको प्रारम्भिक टोली घोषणा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ११ चैत्र



नेपाल क्रिकेट संघ (क्यान) ले पहिलो पटक हुन लागेको आईसीसी वुमेन्स च्यालेन्ज ट्रफीका लागि नेपाली महिला क्रिकेट टोली घोषणा गरेको छ । क्यानले अनुभवी खेलाडीहरूसँगै नयाँ युवा खेलाडीहरुलाई समावेश गरेर क्याम्प टोली घोषणा गरेको हो ।

यसअघि चोटका कारण प्रतियोगिता गुमाएकी कप्तान इन्दु बर्मा पनि टोलीमा छिन्। टोलीमा इन्दुसँगै पूजा महतो, रुबिना क्षेत्री, सिता राना मगर, बिन्दु रावल, सम्झना खड्का, रुबी पोद्दार, कविता जोशी, कविता कुँवर, रिया शर्मा, रोमा थापा, सुमन बिष्ट, अनु कडायत, सीमाना केसी र राजमती ऐरी रहेका छन्। यसैगरी टोलीमा मनीषा उपाध्याय, रचना चौधरी, सोनी पाखिन, सना प्रवीन, खुशी डंगोल, सुधा धामी, किरण कुँवर, लक्ष्मी साउद, आलिशा यादव, तृष्णा बिके, कुसुम गोदार, यशोदा बिष्ट, अञ्जी पाठक र रमा बुढाथोकी पनि समावेश छन् । अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) को नयाँ संरचना अनुसार यो प्रतियोगिता सुरु हुन लागेको हो ।

जहाँ विश्वका उदीयमान राष्ट्रहरूको सहभागीता रहनेछन् । यो प्रतियोगिता आउने अप्रिल दोस्रो साता रुवान्डामा सुरु गर्ने तयारी छ । तर आईसीसीले आधिकारिक मिति र टिमको नाम भने सार्वजनिक गरिसकेको छैन ।







# जनादेश सम्मान गर्ने मार्गचित्र



-२०८४ मा हुनुपर्ने निर्वाचन जेन-जी आन्दोलनका कारण २०८२ मा नै गर्नुपर्ने परिस्थितिको सिर्जना भयो । निर्वाचनको परिणामलाई प्रायः सबै राजनीतिक दल र पराजित उम्मेदवारहरूले समेत स्वीकार गरेका छन् । लोकतान्त्रिक प्रणालीमा निर्वाचनको परिणामलाई स्वीकार गर्ने संस्कारको विकास हुनु निश्चय नै स्वागतयोग्य कुरा हो । जनताको मत र मतादेशको सम्मान गर्नु लोकतन्त्रको सुन्दरतम पक्ष हो । नेपाल जस्तो लामो लोकतान्त्रिक अभ्यास नभएको मुलुकमा संवैधानिक नैतिकता शासकहरूले नै उल्लंघन गर्ने प्रवृत्तिले भ्रष्टाचार र कुशासन मौलाएको अवस्था छ ।

अब बन्ने नयाँ सरकारले संवैधानिक नैतिकताको कसीमा काम गर्ने आदतको विकास गरेमा लोकतान्त्रिक प्रणाली जीवन्त हुन सक्छ । राजनीतिक दल र उम्मेदवारहरूले चुनावी घोषणापत्र/वाचापत्र मार्फत मतदाता समक्ष जे-जस्ता महत्त्वाकांक्षी सपनाहरू बाँडेका भए पनि पुराना दलहरूलाई मतदाताहरूले त्यति पत्याएको देखिएन । चुनावी प्रतिबद्धतालाई विगतका व्यवहारले मतदातामा विश्वास सिर्जना गर्न सकेन ।

नयाँ राजनीतिक दलहरूले चुनावी वाचापत्र कार्यान्वयन गर्दछन् भन्ने विश्वासमा शंकाको सुविधा दिएका छन् । नयाँ राजनीतिक शक्तिहरूले पनि पुरानाकै जस्तो वाचामा मात्रै सीमित गर्‍यो भने मतदाताहरूको विश्वास डगमगाउन सक्छ । यस पक्षलाई मतादेश प्राप्त गरेका दल र प्रतिनिधिहरूले हेक्का राखी परिणाममुखी हुने गरी काम गर्नुपर्छ । लोकतन्त्रमा आवधिक वा मध्यावधि निर्वाचनबाट राजनीतिक दलहरू परीक्षण भइरहन्छन् । निर्वाचनले सत्ताको हस्तान्तरण र सरकारको उत्तराधिकारी चयन गर्दछ । लोकतन्त्रमा सरकारको गठन र बहिर्गमन प्रतिनिधिको संख्याले निर्धारण गर्दछ ।

संसद्ले सरकारलाई नियन्त्रण गर्छ भनिए पनि बहुमत प्राप्त सरकारले व्यवहारमा संसद्लाई नै नियन्त्रण गर्छ । संसद्ले सरकारलाई नियन्त्रण गर्न खोज्यो भने संसद् नै भंग गरिदिनेसम्मको कार्य गरिन्छ । राजनीतिक दलले जथाभावी ह्विप प्रयोग गरेर जनप्रतिनिधिको विवेक पनि खुम्च्याउने प्रयास गरेको पाइन्छ । यस किसिमको अभ्यासले संसद् निरीह र गफ गर्ने अखडाजस्तो बन्न पुग्छ । लोकतान्त्रिक संविधानले परिणाम र प्रतिफल जनतालाई दिन संसद्को प्रभावकारिता, सरकारको जवाफदेहिता, न्यायपालिकाको निष्पक्षतासहित संवैधानिक नैतिकताको कसीमा काम गर्ने संस्कारको विकास गर्न सक्नुपर्छ । संवैधानिक नैतिकता भनेको संविधानवाद र विधिको शासनको पालना र कानुन मान्ने संस्कृतिको विकास हो । नेपाल जस्तो लामो लोकतान्त्रिक अभ्यास नभएको मुलुकमा संवैधानिक नैतिकता शासकहरूले नै उल्लंघन गर्ने प्रवृत्तिले भ्रष्टाचार र कुशासन मौलाएको अवस्था छ ।

अब बन्ने नयाँ सरकारले संवैधानिक नैतिकताको कसीमा काम गर्ने आदतको विकास गरेमा लोकतान्त्रिक प्रणाली जीवन्त हुन सक्छ । नेपालको सन्दर्भमा संवैधानिक नैतिकताभित्र प्रतिस्पर्धात्मक बहुदलीयता, नागरिक स्वतन्त्रता, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र र सक्षम न्यायपालिका, कानुनी राज्यलगायतका लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध रही राज्य शक्ति प्रयोग गर्ने विषयहरू पर्ने र सोहीअनुरूपको संस्कार पर्दछ । व्यवहारमा यसलाई अक्षरशः पालना गरी कार्य गर्ने संस्कृतिको निर्माण गरिएन भने त्यस्तो लोकतन्त्र केवल ‘छद्म लोकतन्त्र’ मा परिणत हुन पुग्छ । विश्वका विभिन्न मुलुकहरूको संविधानका व्यवस्था लोकतान्त्रिक भए पनि व्यवहार र कार्यशैली अलोकतान्त्रिक हुँदा मुलुकहरू द्वन्द्वमा फसेका छन् । कतिपय मुलुकहरू संविधान निर्माणका ‘प्रयोगशाला’ बनिरहेका छन् । लोकतान्त्रिक संविधानले राज्य शक्तिको प्रयोग संवैधानिक नैतिकताका आधारमा शासकहरूले गर्छन् भन्ने अपेक्षा राख्छ । संविधानको आकार ठूलो वा सानो हुँदैमा लोकतान्त्रिक छ/छैन भन्ने हुँदैन । संविधानको आकार ठूलो हुँदैमा त्यसले समृद्ध मुलुक निर्माण गरिहाल्छ भन्ने पनि होइन । सानो आकार हुँदैमा समृद्धि प्राप्ति हुँदैन भन्ने पनि होइन । अमेरिकाले सन् १७८७ मा फिलाडेल्फिया सम्मेलनबाट बनाएको संविधान सात हजार पाँच सय शब्दको संक्षिप्त छ । त्यही संविधानको आधारमा समृद्धि प्राप्त गरी विश्व मानचित्रमा शक्तिशाली राष्ट्रका रूपमा रहेको छ । नेपालको संविधान घोषणात्मक प्रकृतिको छ । घोषणात्मक कुराहरूलाई लागू गर्न राज्य आर्थिक दृष्टि र शासकीय व्यवहारबाट समेत उन्नत हुनु आवश्यक छ । फ्रान्समा दोस्रो विश्वयुद्धपछि सन् १९४६ मा संविधानसभाले बनाएको संविधान लामो समयसम्म चल्न सकेन ।

**सांभार : कान्तिपुर ।**





“पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला








प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday